जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २३ २०८१ साल साउन २९ गते मंगलबार (13 Aug. 2024 Tuesday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : रोजगारी र उद्यमशीलतामा... ३ पृष्ठमा : आठ वर्षमा आधा घट्यो ... ३ पृष्ठमा अवामी लिगमाथि प्रतिबन्ध ...

# पार्टी निर्माणमा जुट्न कार्यकर्ताहरुलाई जसपा अध्यक्ष राईको आग्रह

## सत्ता बिना बस्नु पर्दा पानी बिना माछा जस्तो छटपटी : मन्त्री यादव




**दैनिक समाचारदाता**
**राजबिराज, २८ साउन ।**

जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राईले निस्वार्थ भावनाले जनताको चाहना बमोजिम पार्टी निर्माणमा जुट्न कार्यकर्ताहरुलाई आग्रह गरेका छन् ।

सोमबार राजविराजमा आयोजित जिल्ला कार्य समितिको घोषणा सभा कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो आग्रह गरेका हुन् ।

उनले पार्टीका इमान्दार कार्यकर्ताहरु आफूहरुका साथमा रहेकाले छिट्टै देशव्यापी पार्टी बनाउने घोषणा गर्दै अध्यक्ष राईले हिमाल, पहाड, तराई सबै ठाउँमा पार्टीप्रति आकर्षण बढेको दाबीका साथ निर्धक्क भएर पार्टी निर्माण र जनताको सेवामा जुट्न कार्यकर्ताहरुलाई निर्देशन पनि दिए ।

सोही कार्यक्रममा पार्टीका उपाध्यक्ष तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले अवसरवादीहरुलाई छाडेर आफूहरुले निर्माण गरेको संगठनमा अधिकारका लागि लडेका, दुःख पाएका, निस्वार्थ र स्वाभिमानी साथीहरुको साथ रहेको कारण पार्टीको भविष्य उज्जवल रहेको दाबी गरे ।

कार्यक्रममा खानेपानी मन्त्री प्रदिप यादवले आफूहरुले उपेन्द्र यादवलाई नेता मान्दै आएको भएपनि उनमा बढ्दो अंहकार, सत्ता स्वार्थ र तानाशाही प्रवृतीका कारण उनको साथ छोड्नु परेको खुलासा गरे । "उपेन्द्रले हालसम्म पार्टीलाई प्राइभेट लिमिटेड कम्पनीको रुपमा चलाए, उनले भने -सत्ता बिना बस्नु पर्दा पानी बिना माछा जस्तो छटपटी देखाए ।"

उपेन्द्र नेतृत्वको पार्टीलाई सत्ता स्वार्थीहरुको पसलको संज्ञा दिँदै उनले अबको केही दिनपछि नै सो पसल बन्द हुने दाबी समेत गरे । जसपा नेतृत्वको ६/६ वर्षसम्म मधेश प्रदेशमा सरकार हुँदा जनताले सरकारको अनुभुति गर्न नपाएको र योजनाहरु १० प्रतिशत लिएर खुलेआम बजारमा बिक्रि हुने गरेको उनले खुलासा समेत गरे ।

सत्यनारायण यादवको नेतृत्वमा जसपा जिल्ला कार्यसमिति, शिवम यादवको नेतृत्वमा जसपा युवा समाजवादी समिति तथा अनुराधा साहको नेतृत्वमा महिला समाजवादी जिल्ला कार्यसमिति सप्तरी गठन गरिएको घोषणा उक्त कार्यक्रममा गरिएको थियो ।

सो अवसरमा पार्टीका सहअध्यक्ष रेणु यादव, महासचिव इस्तियाक राइन, मधेश प्रदेश अध्यक्ष अशोक यादव, केन्द्रिय सदस्य राजकिशोर यादव, बिनोद चौधरी लगायतले पनि बोल्दै उपेन्द्र यादवले पार्टीलाई प्राइभेट लिमिटेड र सिन्डिकेटको रुपमा चलाएको भन्दै चर्को आलोचना गर्दै सोही कारणले आफूहरु अलग भएको बताएका थिए ।

# अन्तर्राष्ट्रिय युवा दिवसमा १४ हजार विरुवा रोपिए



**दैनिक समाचारदाता**
**राजबिराज, २८ साउन ।**

सप्तरीमा १४ हजार विरुवा रोपेर सोमबार २५औं अन्तर्राष्ट्रिय युवा दिवस मनाईएको छ ।

सबल नेपाल, सप्तरी युथ नेपाल एवं सप्तरी क्रिकेट संघले सप्तरीले जिल्लाभरीमा उक्त संख्यामा बिरुवा रोपेको हो ।

एक कार्यक्रमको आयोजना गरी राजबिराजस्थित पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको प्रांगणमा संघिय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय नवल किशोर साह एवं संघिय खानेपानी तथा सरसफाइ मन्त्री प्रदिप यादवले संयुक्त रुपमा बिरुवा रोपेर अभियानको उदघाटन गरे ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी मेखराज मग्राति, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, खानेपानी संस्थान कार्यालयका कार्यालय प्रमुख राजाराम यादव, सरसफाइ अभियनता धिरेन्द्र साह, सबल नेपालका परमेश्वर झा, शुभ नारायण भिण्डवार, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, कोषाध्यक्ष तुला माझि, सदस्य अनवर अली एवं सप्तरी युथ नेपालका मोहन यादव, बिष्णु यादव लगायतका सहभागिता रहेको थियो । यस सगै

बाँकी दुई पृष्ठमा

**राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस**

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं.
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड




**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय

### न्यायिक समितिको काम कर्तव्य बारे जनता अझैं अनभिज्ञ

स्थानिय तह अन्तरगत न्यायिक समिति बारे अझै अधिकांश जनता अनभिज्ञ छन् । विगत ७ वर्षदेखी संचालनमा रहेको यस समिति बारे जनतामाझ चेतना छैन् । स्थानिय पालिका अन्तरगत उपमेयर/उपप्रमुख संयोजक रहने गरि तीन सदस्यीय समितिले अन्य अदालत जस्तै न्याय दिने बारे अझै जनताले बुझेका छैनन् । सरकारले स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समितिको गठन गरेको हो । तर, पनि यस समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ । न्यायिक समितिको बारेमा स्थानियस्तरमा पहुँच नहुनुले मुद्दाहरु अदालत जाने गरेको हुनसक्छ ।

सप्तरी जिल्लालाई मुलुककै बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा चिनिन्छ । यस जिल्लाका अदालतहरुमा सानो भन्दा सानो जालझेल, जग्गा सम्बन्धी, झगडा लगायतका अन्य विभिन्न खाले मुद्दाहरु दिनहुँ दर्ता हुने गरेको छ । समाजबाटै समाधान हुने खालका मुद्दाहरु पनि अदालतमा दर्ता हुने गरेको पाइएको छ । यस जिल्लालाई बढी जग्गा खिचलो तथा जग्गा सम्बन्धीको मुद्दा दर्ता हुने गरेको छ । यस्ता मुद्दाहरुको छिनोफानो हुन निकै समय लाग्ने गर्दा पनि आफ्नो जुंगाको लडाईलाई कायम राख्न पनि दर्ता गर्ने गरिन्छ ।

तसर्थ यसका लागि स्थानिय तहहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता सम्बन्धी जनतालाई जागरुक गर्न अभियान मार्फत जनचेतना दिनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# रोजगारी र उद्यमशीलतामा नै समस्या

**शरद् शर्मा**

काठमाडौं, २८ साउन (रासस) ।

विश्वभर भोलि (साउन २८ गते) अगस्त १२ तारिख अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदैछ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको संयोजकत्वमा दिवस मनाउनका लागि मूल समारोह समिति समेत गठन भएको छ । सरकारले यसरी वर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने थालेको २० वर्ष पुग्न थाल्यो । तर दिवस एक दिन मनाउनमा मात्र केन्द्रित भएको युवाहरूको बुझाइ रहेको छ ।

युवा लक्षित गरी सरकारले ल्याइएका कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुँदा युवाका मुद्दा अपेक्षाकृतरूपमा सम्बोधन हुन नसकेको उनीहरूको गुनासो छ । अहिले युवाको मुख्य समस्या बेरोजगार रहेको छ । स्वदेशमा रोजगारी र उद्यमशीलताको अवसर नहुँदा वार्षिक सात लाखभन्दा बढी युवा रोजगारीका लागि विदेशमा जाने गरेको विभिन्न सरकारी तथ्याङ्क रहेको छ । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले सरकारले युवा लक्षित ल्याइएका कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुँदा रोजगार र उद्यमशीलतामा समस्यामा परेको बताउनुहुन्छ ।

उहाँले सबैले युवाको चिन्ता गर्ने गरेको तर कसैले पनि व्यवस्थापन नगरेको गुनासो गर्नुभयो । उहाँले युवालाई शासन प्रक्रियामा हिस्सादार बनाए मात्र युवाका समस्या समाधान हुने बताउनुहन्छ । "अहिले युवाको समस्या ठूलो समस्या बेरोजगार रहेको छ," उहाँले भन्नुभयो, "रोजगार र उद्यमशीलता बनाउनका लागि सरकार गम्भीर बन्नुपर्दछ ।"

सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ ल्याएको छ । तर उक्त कार्यविधि हुने खाने र टाठाबाठाले मात्र अनुदान प्राप्त गरेका छन् । परिषद्का उपाध्यक्ष बस्नेतले राज्यले युवालाई सके रोजगार नभएर उद्यमशीलता बनाउनुपर्नेमा जोड दिनुहुन्छ । "राज्यले ल्याएको कार्यविधिअनुसार पनि वास्तविक युवाले अनुदान पाएका छैनन्," उहाँले भन्नुभयो, "कार्यविधिअनुसार युवालाई ऋण पाउन पनि प्रक्रिया कठिन रहेको छ ।"

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (राष्ट्रिय नीतिअनुसार १६-४० ( वर्ष) जनसङ्ख्या ४२.५६ प्रतिशत अर्थात एक करोड २४ लाख १२ हजार १७३ रहेका छन् र । २०६८ सालको जनगणनामा युवा ४०.३५ प्रतिशत अर्थात एक करोड छ लाख ८९ हजार ८४२ रहेका थिएर । पछिल्ला दुई जनसङ्ख्याको तुलना गर्दा २.२१ प्रतिशतले नेपालमा युवाको सङ्ख्या बढेको देखिन्छर । जनसाङ्ख्यिक हिसाबले युवाको जनसङ्ख्या धेरै रहेको छ । जनसङ्ख्यासँगै नीति/निर्माण र नेतृत्वमा युवाको सहभागिता बढ्दो छर ।

सङ्घमा १२ प्रतिशत, प्रदेशसभामा २० प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत युवाको जनप्रतिनिधिमा सहभागिता रहेको छ । परिषद्का उपाध्यक्ष बस्नेतले युवाको जनसाङ्ख्यिक लाभलाई फाइदा उठाउँदै युवा भविष्यका कर्णाधार र वर्तमानका अंशियार बनाउनु आवश्यक रहेको बताउनुहुन्छ । उहाँले युवालाई नै स्वदेशमा रोजगारी र उद्यमशीलता बनाउन सके मुलुकले विकासमा फड्को मार्ने बताउनुभयो । अहिले नागरिक १६ वर्षमा दिइन्छ तर मतदानमा १८ वर्ष पुगेपछि मात्र सहभागी गराइन्छ । यसलाई पुर्नविचार गर्दै १६ वर्षमा मतदान प्रक्रियामा सहभागी गराउनुपर्ने उहाँको जोड छ ।

सरकारले युवा विकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन गरेको थियो । यस्तै पहिलोपटक युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितसँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ साल फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरिएको थियो । युवालाई स्वरोजगार बनाउनका लागि 'युवा स्वरोजगार कोष' पनि स्थापना गरिएको छ ।

राष्ट्रिय युवा नीति २०७२ र 'युथ भिजन २०२५' ले पनि युवा विकासका व्यापक विषयलाई नीतिगत रूपमा समावेश गरेको छ । यस्तै प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका संरचना तयार गरिएका छन् । प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन् । परिषद्ले सात सय ५३ स्थानीय तहमा नगर/गाउँ परिषद् गर्नुपर्नेमा अहिले कार्यपालिकाद्वारा १६ स्थानीय तहमा मात्रै परिषद् र ६५ वटा स्थानीय तहमा युवा सञ्जाल गठन भएका छन् । प्रदेश स्तरमा लुम्बिनी, वागमती र सूदुरपश्चिममा युवा परिषद् गठन गरिएको छ । तर पनि युवाका मुद्दा सम्बोधन हुन सकिरहेका छैनन् ।

राष्ट्रिय युवा परिषद्का सदस्य जगदीश ऐरले युवालाई स्वदेशमा राज्यले उपयोग गर्नुपर्ने बताउनुहुन्छ । उहाँले देशको ठूलो जनसङ्ख्या युवा भए पनि राज्यले उपयोग गर्न नसक्दा विदेशिएको बताउनुहुन्छ । उहाँले स्थानीय सरकारले युवामैत्री नीति ल्याएर ऋण प्रणाली, रोजगारीमुखी नीति र श्रम बैंक स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । "युवा पलायनलाई रोकेर युवा लक्षित रोजगार र उद्यमशीलताका कार्यक्रम ल्याउन सक्नुपर्दछ," उहाँले भन्नुभयो, "अनि मात्र युवाको उपयोग भई मुलुकको अर्थतन्त्रमा टेवा पुग्दछ ।"

परिषद्का उपाध्यक्ष बस्नेत युवाको विकासका लागि लक्षित गरी बनेका ऐन र नीति कार्यान्वयन हुन नसकेको गुनासो गर्नुहुन्छ । उहाँले युवासँग सम्बन्धित नीति कार्यान्वयनका लागि बजेटको उपलब्धता अन्त्यन्तै सीमित भएकाले पनि कार्यान्वयनमा समस्या भएको बताउनुभयो । राज्यले पनि युवालाई राजनीतिक मुद्दामा उपयोग मात्र गरेर तर प्राथमिकतामा राख्न नसकेको उहाँको गुनासो छ ।

सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसङ्घको समन्वयमा पोर्चुगलको राजधानी लिस्बनमा विश्वका एक सय ४० देशका युवा मामिला हेर्ने मन्त्रीहरूको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो । त्यस सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिबद्धता जनाउनाका साथै युवा सशक्तीकरणका पक्षमा ८८ बुँदे लिस्बन घोषणापत्र समेत जारी गरेको थियो । त्यसपछि सन् २००० देखि ऐतिहासिक घोषणा भएको अगष्त १२ लाई आधार मान्दै हरेक वर्ष विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालियो । उक्त दिवसलाई संसारभर युवा हकहित र सशक्तीकरणका लागि बहस र पैरवी गर्ने उत्सवका रूपमा मनाउन थालियो । त्यससँगै संसारका विभिन्न देशमा आ-आफ्नै आवश्यकता र परिवेशअनुसार राष्ट्रिय युवा नीति निर्माण गर्ने सिलसिला पनि अघि बढ्को पाइन्छ ।

नेपालमा भने युवासँग काम गर्ने सङ्घसंस्थाको अगुवाइमा पहिलोपटक सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । परिषद्कै अगुवाइमा २०७३ सालदेखि युवा दिवस मनाउन थालिएको हो । नेपालमा यसवर्ष 'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि : डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि' भन्ने मूल नाराका साथ दिवस मनाउन लागिएको छ ।

राष्ट्रिय युवा सङ्का अध्यक्ष क्षितिज थेवेले राज्यले युवाको मनोभाव नबुझेर युवाको समस्या समाधान हुन नसकेको बताउनुभयो । उहाँले युवालाई राज्यले रोजगारी दिन नसके पनि उद्यमशीतलता बनाउन सक्ने भन्दै उद्यमी बन्न चाहने युवालाई बिना धितोमा ऋण उपलब्ध गराउनुपर्ने बताउनुहुन्छ । उहाँले युवालाई कम्पनी खोल्नेदेखि ऋण लिनेसम्मको प्रक्रियामा झन्झटिलो भएको बताउनुहुन्छ । उहाँ युवालाई लक्षित गरी उद्यम र स्वरोजगारका कार्यक्रम ल्याउन राज्यले ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ ।

सङ्घका अध्यक्ष थेवेले युवासँग उद्यमशीलता बन्नका लागि सुरुआतमा नै पुँजी नभएकाले उनीहरूको सोच, प्रस्तावलाई नै धरौटीका रूपमा राखेर ऋण उपलब्ध गराउनुपर्ने बताउनुभयो । "हामीसँग कुनै पनि व्यवसाय गर्नका लागि धितो राख्नका लागि कुनै पैतृक सम्पत्ति हुँदैन," उहाँले भन्नुभयो, "त्यसैले युवाले ऋण निकाल्नका लागि धितो राख्न सक्दैनन् । ती युवाले व्यवसाय गर्नका लागि तयार गरेको सोच, धारणा र प्रस्तावलाई नै आधार मानेर ऋण उपलब्ध गराउनुपर्दछ । अनि मात्र युवालाई उद्यमशीलता बनाउन सकिन्छ ।"

सङ्घका अध्यक्ष थेवेले शैक्षिक प्रमाणपत्र धितो राखेर युवालाई ऋण उपलब्ध गराउनुपर्नेमा जोड दिनुहुन्छ । उहाँले युवा नीति २०७२ लाई अहिलेको परिवर्तित अवस्थामा संशोधन आवश्यक रहेको बताउनुभयो । तरुण दलका नेता विद्वान गुरुङले राज्यले सबै युवा सङ्गठनको सुझावअनुसार युवाका समस्या समाधान गर्न आग्रह गर्नुभयो । "युवालाई राज्यका हरेक निकायमा सहभागी राज्यले गराउनुपर्दछ," उहाँले भन्नुभयो, "युवालाई युवाका समस्या समाधान गर्न भूमिका दिँदा राम्रो हुन्छ ।"

उहाँले युवालाई कृषिसँग जोड्नसके धेरै युवा स्वदेशमा नै उद्यमशीलता बनाउन सकिने धारणा राख्नुभयो । उहाँले युवालाई नीति निर्माणको तहमा पुऱ्याउन नसक्दा अपेक्षाकृत सफलता हासिल हुन नसकेको बताउनुभयो । योङ कम्युनिष्ट लिग (वाइसिएल)का अध्यक्ष सुबोध सेर्पालीले वर्षमा एक दिन मनाइने युवा दिवसले युवाका माग सम्बोधन गर्न नसक्ने बताउनुभयो । उहाँले युवालाई आत्मनिर्भर बनाउनका लागि स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ । "युवालाई बिना झन्झट ऋण र अनुदान उपलब्ध गराउने हो भने युवा विदेश जाँदैनन्" उहाँले भन्नुभयो, "राज्यले प्राविधिक सहयोग उपलब्ध गराएर युवालाई उद्यमी बनाउनु पर्दछ ।"

अहिले युवाका कार्यक्रम छरिएर रहेका छन् । ती छरिएर रहेका कार्यक्रमलाई एकद्वारमार्फत एकीकृत गर्न आवश्यक रहेको परिषद्का उपाध्यक्ष बस्नेतले बताउनुभयो । अहिले १४ वटा मन्त्रालयमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिरहेको छ । "हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणालीअन्तर्गत परिषद्बाट गरौं भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौं । तर ती कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी हुन सकेका छैनन्," उहाँले भन्नुभयो, "छरिएर रहेका कार्यक्रमबाट युवाका क्षेत्रमा प्रतिफल पाउन सकिएको छैन ।"

## अन्तर्राष्ट्रिय युवा ...

राजविराजको राजदेवि माध्यमिक विद्यालय, केअ माध्यमिक विद्यालय, वस पार्क लगायतको स्थानमा समेत विभिन्न प्रजातिका विरुवाहरु रोपिएको छ ।

सप्तरी क्रिकेट संघले गत वैशाखमा आयोजना गरेको सप्तरी प्रिमियर लिग छैठो संस्करणको क्रिकेट प्रतियोगिता अन्र्तगत खेलाडीले हान्ने हरेक छक्कामा ५० वटा रुख रोप्ने घोषणा सबल नेपाल, सप्तरी युथ नेपाल र सप्तरी क्रिकेट संघद्वारा संयुक्त रुपमा घोषणा गरिएको थियो ।

यसै गरी युवा दिवसको अवसरमा सबल नेपालले सप्तरी जिल्लाको १८ वटै पालिकामा युएसएआइडि सिएसएम परियोजना अन्र्तगत गठन गरिएको युवा सञ्जालको नेतृत्वमा १८ वटै पालिकामा वृक्षारोपण कार्यक्रम गरिएको छ ।

जस अन्र्तगत तिलाठि कोईलाडि गाँउपालिका अध्यक्ष अरुण मण्डलको सहभागितामा विभिन्न स्थानमा ३ सय ५० विरुवा, सप्तकोशि नगरपालिकाका नगरप्रमुख कृष्ण ढकालको सहभागिता तथा उपस्थितिमा ५ सय थान बिरुवा, सुरुङ्गा नगरपालिका वडा नं ३ मा वडा सचिव राजु वस्नेतको सहभागितामा ३ सय विरुवा तथा खडक नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृतको सहभागितामा २ सय ५० विरुवा रोपिनुको साथै अन्तरकृयात्मक कार्यक्रम समेत गरिएको छ ।

यसै गरी अन्य गाँउपालिका तथा नगरपालिकामा स्थानीय युवा सञ्जाल, क्लब, स्थानीय प्रशासन, स्थानीय युवा, महिला, वालकल्व लगायतको सक्रिय सहभागितामा विभिन्न स्थानहरुमा वृक्षारोपण गरिएको छ ।

# आठ वर्षमा आधा घट्यो विद्युत् चुहावट, हरेक वर्ष १२ अर्ब थप आम्दानी

काठमाडौँ, २८ साउन (रासस)।

नेपाल विद्युत् प्राधिकरणले पछिल्लो आठ वर्षमा प्रसारण तथा वितरण प्रणालीमार्फत भइरहेको विद्युत् चुहावटलाई आधा घटाएको छ।

आर्थिक वर्ष २०७२/७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत भइरहेको विद्युत् चुहावटलाई यस अवधिमा आधा घटाएर गत आव २०८०/८१ मा १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको छ। विद्युत् चुहावटमध्ये प्रसारण लाइनतर्फ तीन दशमलव ३३ प्रतिशत र वितरणतर्फ नौ दशमलव ४० प्रतिशत रहेको छ। आठ वर्षअघि २५ दशमलव ७८ प्रतिशत चुहावटमध्ये १९ दशमलव ८० प्रतिशत वितरण र बाँकी प्रसारणतर्फ थियो।

विद्युत् चुहावटलाई आव २०७३/७४ मा २२ दशमलव ९० प्रतिशत, २०७४/७५ मा २० दशमलव ४५ प्रतिशत, २०७५/७६ मा १५ दशमलव ३२ प्रतिशत र २०७६/७७ मा १५ दशमलव २७ प्रतिशतमा झारिएको थियो। आव २०७७/७८ मा भने चुहावट बढेर १७ दशमलव १८ प्रतिशत पुगेको थियो। त्यसपछि चुहावटलाई आव २०७८/७९ मा १५ दशमलव ३८ र आव २०७९/८० मा १३ दशमलव ४६ प्रतिशतमा झारिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाएर आठ वर्षको अवधिमा चुहावट नियन्त्रणमा सफलता हासिल गरेको बताउनुभयो। कार्यकारी निर्देशक घिसिङले 'लोडसेडिङ' अन्त्य भई नियमित विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमले वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो।

"प्रणालीमा विद्युत् चुहावट हुँदा प्रत्यक्ष रूपमा अर्बौं रकम आम्दानी गुमिरहेको थियो, प्राविधिक तथा गैह्रप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट वितरणतर्फको विद्युत् चुहावट उल्लेख्य रूपमा घटी यो अनुपात छिमेकी देशहरूभन्दा कम भएको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

चुहावट नियन्त्रणबाट मात्र यस अवधिमा प्रतिवर्ष करिब रु १२ अर्ब थप आम्दानी भएको छ। नाफाबाट आर्जन भएको रकमलाई प्रणाली विस्तार र सुधारमा लगानी गरिरहेको प्राधिकरणको भनाइ छ। अब चुहावटलाई एकल अङ्क (सिङ्गल डिजिट)मा झार्ने लक्ष्य राखेर काम अगाडि बढाइएको छ।

आर्थिक वर्ष २०७२/७३ मा रु आठ अर्ब ८९ करोड खुद नोक्सानीमा रहेको प्राधिकरणले आव ०७३/७४ मा रु एक अर्ब ५० करोड खुद नाफा कमाएको थियो। त्यसपछि निरन्तर नाफामा रहेको प्राधिकरणको नाफा गत आवमा रु १३ अर्ब ३१ करोड (अन्तिम लेखापरीक्षण हुन बाँकी) पुगेको छ। आठ वर्षअघि रु ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरण गत आवमा रु ४७ अर्ब ४१ करोड सञ्चित नाफामा पुगेको छ।

ठूला क्षमताका प्रसारण लाइन तथा सबस्टेसन सञ्चालन, सबस्टेसन क्षमता वृद्धि तथा सुदृढीकरण, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज तथा स्मार्ट मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायतका कदमले प्राविधिक चुहावट नियन्त्रण भएको हो।

घिसिङले वितरण तथा ग्राहक सेवाअन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृह प्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएको बताउनुभयो। प्राधिकरणले गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ। प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रहरूलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई सोहीअनुसार क्रियाकलापहरू सञ्चालन गरिरहेको जनाएको छ।

# अग्नीपिडितलाई गाउँपालिकाद्वारा राहत



**दैनिक समाचारदाता**
**राजबिराज, २८ साउन।**

सप्तरीको तिलाठी कोईलाडी गाउपालिकाका अग्नीपिडितलाई सोमबार गाउपालिकावाट राहत प्रदान गरिएको छ।

बिजुलीको तार सर्ट सर्किट भई शनिवार अबेर आगलागी हुँदा शोभा मण्डल र बहसा मण्डलको एक/एक बटा घर जलेको थियो।

गाउपालिकाबाट अग्नीपीडित परिवारलाई २५ किलो चामल, मुरही ५ किलो, १लिटर खाने तेल, एकथान त्रिपाल, एक भान कम्बल, बाल्टिन, मग, लुंगी, साडी, बेडसिट, भुजिया, नुन राहत स्वरूप प्रदान गरिएको छ।

सो राहत सामगीहरु गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्णले वितरण गरेका गाउपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए।

# मधेस प्रदेशका चार स्थानीय तहमा खाद्य तथा पोषण कार्यक्रम विस्तार

जनकपुरधाम, २८ साउन (रासस)।

मधेस प्रदेशको थप चारवटा स्थानीय तहमा बाढी प्रभावितका लागि सङ्घीय सरकारद्वारा खाद्य तथा पोषण सुरक्षा कार्यक्रम विस्तार गरिएको छ। विश्व बैङ्कको सहयोगमा उक्त कार्यक्रम विस्तार गरिएको हो।

मधेस प्रदेशको चारवटा जिल्लामा सो कार्यक्रम कार्यान्वयनमा थियो। हालै धनुषा र महोत्तरीको बाढी प्रभावित गाउँपालिकाका गरिब तथा विपन्न किसानलाई लक्षित गरी कार्यक्रम विस्तार गरिएको हो।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लस्टर एकाइ धनुषाका वरिष्ठ कृषि विकास अधिकृत युगलकिशोर तिवारीका अनुसार महोत्तरीको सम्सी, सोनमा र धनुषाको बटेश्वर तथा जनकन्दनी गाउँपालिकामा कार्यक्रम विस्तार गरिएको छ।

दोस्रो चरणमा छनौट भएका उक्त पालिकामा यही साउनदेखि कार्यक्रम कार्यान्वयनमा आइसकेको छ। यसअघि पहिलो चरणमा धनुषाका मुखियापटी मुसरनिया, धनौजी तथा महोत्तरीको पिपरा एकडारा गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि अधिकृत तिवारीले बताउनुभयो। सप्तरी तथा सिरहामा पनि कार्यक्रम सञ्चालन भइरहको छ।

कार्यक्रम विश्व बैङ्कको अनुगमन, खाद्य तथा कृषि सङ्गठनको प्राविधिक सहयोग, ग्लोबल एग्रिकल्चर फुड सेक्युरिटी कार्यक्रमको आर्थिक सहयोगमा सङ्घीय सरकारले ल्याएको उहाँले जानकारी दिनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज**

मिति :-२०८१/०४/२४

**विषयः- ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना।**

रैती नं.९३ सुलतान मियाँ मनसुर मियाँको नाममा दर्ता रहेका साबिक प्रगन्ना खालिसा मौजे डिमोनको सा.कि.नं. २६५ को ज.वि.०-९-३जग्गामध्ये दक्षिणतर्फबाट ०-२-० जग्गा सुलतान मियाँ धुनियाबाट र.नं.२८४२ मिति २०२६/११/१५ पारित लिखत बमोजिम तेज नारायण साह रौनियारको नाममा कायम भएको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.बि.स.मधबापुर बडा नं.७ हाल हनुमाननगर कंकालिनी नगरपालिका बडा नं.४ बस्ने स्व.तेज नारायण साह रौनिगारको छोरा राजेन्द्र प्रसाद गुप्ता-१ ऐ.ऐ.बस्ने गजेन्द्र प्रसाद गुप्ता-१ समेत २ जनाको बारेस भई आफ्नो हकमा समेत ऐ.ऐ.बस्ने महेन्द्र प्रसाद गुप्ताको यस कार्यालयमा द.नं.२१७०३ मिति २०८१/२/८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निबेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निबेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ भने सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानून बमोजिम कार्वाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलमा उल्लेखित विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २६५ | सुलतान मियाँ मनसुर मियाँ | डिमन | ४ | ५९ | ०-२-० | यो जग्गा मधवापुर गा.पं.वार्ड नं.७ बस्ने तेज नारायण साहु नाउको नम्बरी हो। | |

२०८१/०४/२४
प्रमुख मालपोत अधिकृत

## विश्व समाचार

### अवामी लिगमाथि प्रतिबन्ध नलगाइने गृहमन्त्रीको भनाइ

ढाका, २८ साउन (रासस/एएफपी)।

बङ्गलादेशको अन्तिरिम सरकारका गृहमन्त्रीले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाउने सरकारको कुनै मनसाय नरहेको बताउनुभएको छ। "आवामी लिग पार्टीले बङ्गलादेशका लागि धेरै योगदान गरेको छ, हामी यसलाई इन्कार गर्दैनौं," सखावत हुसेनले भन्नुभयो, "निर्वाचनमा लिगले चुनाव लड्नुपर्छ।"

गृहमन्त्रीको यो भनाइ बङ्गलादेश पूर्व प्रधानमन्त्री शेख हसिना बाजेदका छोरा सजीब बाजेदले आइतबार निर्वाचन बिना यही अवस्था लम्बिएमा देश अराजकतातर्फ जाने चेतावनी दिएको एक दिनपछि आएको हो। आवामी लिगका नेता ७६ वर्षीया शेख हसिना प्रधानमन्त्री पदबाट राजीनामा दिई गत सोमबार मित्र राष्ट्र भारततर्फ जानुभएको थियो। पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि १५ वर्षे कार्यकालका क्रममा उहाँका हजारौं राजनीतिक विरोधीहरूको गैरन्यायिक हत्यासहित व्यापक मानव अधिकार उल्लङ्घनको आरोप लगाइएको छ।

बाजेदले करिब १७ करोड जनसङ्ख्या रहेको बङ्गलादेशमा राजनीतिक भविष्यका लागि हसिनाको दल आवामी लिग महत्वपूर्ण रहेको दावी गर्नुभएको थियो। "हामीसँग दशौं लाख अनुयायीहरू छन्। उनीहरू कतै जाँदैनन्", उहाँले एएफपीसँगको अन्तर्वार्तामा भन्नुभयो, "अवामी लिगबिना बङ्गलादेशमा प्रजातन्त्र स्थापना गर्न सकिँदैन। कमसेकम देशका आधा जनताले यसलाई कहिल्यै स्वीकार गर्ने छैनन्।"

### बिहारको एक मन्दिरमा भागदौड मच्चिँदा कम्तीमा सात जनाको मृत्यु, नौ घाइते

जेहनाबाद, भारत, २८ साउन (रासस/एएनआई)।

भारतको एक मन्दिरमा सोमबार भएको भागदौडमा कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य नौ जना घाइते भएका छन्। बिहरा राज्यको जेहनाबाद जिल्ला, मखदुमपुरस्थित बाबा सिद्धनाथ मन्दिरमा एक्कासी भागदौड भएपछि उक्त दुःखद् घटना भएको हो। घटनाको पुष्टि गर्दै जेहानाबादका जिल्ला प्रशासक अलङ्कृता पाण्डेले बाबा सिद्धनाथ मन्दिरमा भएको भागदौडमा मृतक तथा घाइतेको पुष्टि गर्दै हाललाई स्थिति नियन्त्रणमा रहेको बताउनु भएको छ। भागदौड कसरी सुरू भयो भन्ने बिषयमा तत्काल कुनै जानकारी प्राप्त हुनसकेको छैन। जेहानाबादका प्रहरी प्रमुख दिबाकर कुमार विश्वकर्माले "जिल्ला प्रशासक र प्रहरी उपरीक्षक घटनास्थलमा गई घटनाको जानकारी लिइरहेको बताउनुभएको छ। उहाँहरूका अनुसार शवहरू पोस्टमार्टमका लागि पठाइँदै छ। यसैबीच, जेहानाबादका प्रहरी अधिकारी विकास कुमारले घटना प्रति दुखः व्यक्त गर्दै उचित व्यवस्था सुरक्षा हुदाँहुदै पनि दुखदः घटना घट्न पुगेको उल्लेख गर्नुभएको छ। उहाँका अनुसार घटनाको बारेमा अनुसन्धान भइरहेको छ।

### एकै दिनमा सयौँ आप्रवासी बेलायत प्रवेश

लण्डन, २८ साउन (रासस/एएफपी)।

प्रधानमन्त्री केइर स्टार्मरले सत्ता सम्हालेपछि पहिलो पटक आइतबार साना डुङ्गामा चढी एकै दिनमा ७०० भन्दा बढी आप्रवासीले 'इङ्लिस च्यानल' पार गरी बेलायती भूमिमा अवतरण गरेका छन्। समना डुङ्गामा च्यानल पार गर्नुलाई अत्यधिक जोखिमपूर्ण यात्रा मानिन्छ। फ्रान्सेली अधिकारीहरूले यस वर्षको सुरुदेखि नै खतरनाक समुद्री यात्रामा ज्यान गुमाउनेको सङ्ख्या २५ पुगेको बताएका छन्। गृह मन्त्रालयले सोमबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार आइतबार ११ वटा डुङ्गामा ७०३ जना आएका छन्। जुलाईमा भएको बेलायतको आम चुनावमा साना डुङ्गा आगमन रोक्नु एउटा प्रमुख एजेन्डा थियो। सत्ता सम्हालेको केही दिनमै स्टार्मरले आप्रवासीहरूलाई रुवान्डा पठाउने विवादास्पद योजना खारेज गर्नुभएको थियो। यो योजना पछिल्लो कन्जरभेटिभ सरकारको फ्ल्यागशिप नीति थियो।

यसको साटो स्टार्मरले क्रसिङलाई व्यवस्थित गर्ने र प्रत्येक आप्रवासीले हजारौं युरो भुक्तानी गर्ने मानव तस्करी गिरोहलाई ध्वस्त पार्ने वाचा गर्नुभएको छ। जुलाई २९ मा तीन जना बालबालिकाको ज्यान जाने गरी भएको छुरा प्रहार र एक मुस्लिम आप्रवासीसँग आक्रमणकारी सामाजिक सञ्जालमा गैर-कानुनी तरिकाले जोडिएको घटनापछि बेलायतमा आप्रवासी विरोधी अशान्ति बढेको समय पछिल्लो तथ्याङ्क सार्वजनिक भएको हो।

आप्रवासनसँग सम्बन्धित मस्जिद र होटललाई लक्षित गरी गरिएको दङ्गाको विरोधमा शनिबार बेलायतभर हजारौं रङ्गभेद विरोधी प्रदर्शनकारीले र्‍याली निकालेका छन्। स्टार्मर र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले गैरकानुनी आप्रवासीको सङ्ख्यामा भएको वृद्धिलाई नियन्त्रण गर्न 'सहकार्य' लाई मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। सीमा पार गर्ने व्यक्तिको पछिल्लो सङ्ख्यासँगै सन् २०२४ को सुरुदेखि च्यानल पार गरी बेलायततर्फ जाने आप्रवासीको सङ्ख्या १८ हजार ३४२ पुगेको छ। यो गत वर्षको सोही समयको तुलनामा १३ प्रतिशतले बढी हो।

# युवा दिवसमा तिलाठीमा वृक्षारोपण



**दैनिक समाचारदाता**
**राजबिराज, २८ साउन ।**

अन्तर्राष्ट्रिय युवादिवसको अवसरमा तिलाठी कोईलाडी गाउँपालिकाको विभिन्न ठाउँमा सोमबार वृक्षारोपण गरिएको छ ।

लक्ष्मीबल्लभ नरसिंह मावि बभनगामाकट्टीबाट शुरु भएको वृक्षारोपण कार्यक्रम गाउँपालिकाको आठ वटै वडामा गरिएको छ । माविकट्टीमा गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले बिरुवा रोपेर वृक्षारोपण कार्यक्रम शुभारम्भ गरे ।

वृक्षारोपणको शुभारम्भ गर्दै अध्यक्ष मण्डलले वृक्षारोपणले जलवायु परिवर्तको अवसरबाट जोगिन मद्दत गर्ने भएकोले यस बर्ष गाउँपालिकाले निजी वन लगाउन प्रोत्साहन गर्ने उद्देश्यले निजीवन प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न लागेको बताए ।

सबल नेपालद्वारा सञ्चालित नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत सिमान्तकृत समुदायका किशोर किशोरी, युवा, महिलाहरुको अधिकार अभियानका लागि गठित युवा सञ्जालले सो वृक्षारोपण कार्यक्रमको आयोजना गरेको हो ।

युवा सञ्जालका अध्यक्ष सुशीलकुमार मण्डलको अध्यक्षतामा आयोजित वृक्षारोपण कार्यक्रममा वडा नं. ७ का वडा अध्यक्ष हरिनारायण मण्डल, गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यनारायण यादव, प्रधानाध्यापक विपिन झा, सञ्जालका पदाधिकारीसहितको सहभागिता रहेको थियो ।

# राज्यमन्त्री रजकद्वारा कटान निरीक्षण



**दैनिक समाचारदाता**
**राजबिराज, २८ साउन ।**

मधेश प्रदेशका उर्जा, सिंचाई तथा खानेपानी राज्यमन्त्री निलम रजकले सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ६ मा भलुवाही नदीले गरेको कटानको निरीक्षण गरेका छन् ।

भलुवाही नदीको बाढीले वडा नं. ६ स्थित दलित छात्राबास समेत कटानको जोखिममा परेको छ । सो ठाउँमा बसोबास गर्दै आएका व्यक्तिहरुको घर समेत जोखिममा परेको छ ।

दलित विद्यार्थीलाई उच्च शिक्षाहासिल गर्न सजिलो होस् भनि निर्माण गरिएको दलित छात्राबासमा १२ वटा कोठा रहेको छ । राज्यमन्त्री रजकले कटान नियन्त्रणका लागि तत्कालै पहल गर्ने स्थानीय दलित नेता किसुनदेव रामले जानकारी दिए ।


## सर्टिफिकेट हराएको सूचना

राजविराज वडा नं. ९ निवासी आरजु बेगमको कक्षा १२ को Registration No. 771512009 र Symbol No 21501535 भएको Migration Certificate २०८१ असार २० गते राजविराजबाट रुपनीतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : आरजु बेगम**
**ठेगाना : राजविराज ९, सप्तरी**

## मोटरसाइकल हराएको सूचना

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. ६ निवासी मनाई यादवको नाममा दर्ता रहेको स.११प. २६१६ नम्बरको TVS कम्पनीको STRYKER 125 CC इन्जिन नम्बर HF4CK1100941 च्यासिस नम्बरको ब्लु रंगको मोटरसाइकल २०८१ जेठ ३२ गते जिल्लाकै डाक्नेश्वरी नगरपालिका रंजितपुर कुशहा चौकदेखी अन्दाजी २ सय मिटर पश्चिम पोखरीको डिल छेउमा पार्किङ गरि राखेको अवस्थामा चोरी भएको हुँदा कसैले कतै देखिनु भएमा वा फेला परेमा नजिकको प्रहरी चौकीमा बुझाइदिनु हुन अनुरोध छ ।

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्तै जरुरी सूचना

मिति : २०८१/०४/२३

यश प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यश सहकारी संस्था संग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छ्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सुचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिश) दिन भित्र यश संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फर्छ्यौट गर्न गराउनको लागी सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यश संस्था संग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

| ऋणीको विवरण | | | | |
|---|---|---|---|---|
| ऋणीको नाम : सोनाई दास | गा.बि.स. | वार्ड न. | कित्ता न. | क्षेत्रफल |
| बाबुको नाम : अवधि दास | बसबिट्टी | ०८ | २४० | ०-०-१० |
| बाजेको नाम : साबिचन दास | | | | |
| ठेगाना : राजविराज नगरपालिका वार्ड न.०५ सप्तरी (सोनाइ बिज भण्डार) | | | | |

प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड
राजविराज -०४ सप्तरी
टेलिफोन न. ०३१-५३२५२२/५२११११






## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*